नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

फोन ४२००५०५, ४२००२९९, ४२००३०६

फ्याक्स नं.: ४२००३२२

पत्र संख्या:-

चलानी नं.:- ८४

मिति २०८३।०१।३०

## सूचना

नेपालको संविधान तथा प्रचलित कानूनले निजामती सेवालाई राजनीतिक रूपमा तटस्थ, निष्पक्ष, व्यावसायिक र उत्तरदायी सेवाका रूपमा परिकल्पना गरेको छ। यस सन्दर्भमा निजामती सेवा ऐन, २०४९ को दफा ६१ उपदफा (१) को खण्ड (ङ) मा निजामती कर्मचारीले राजनीतिमा भाग लिएमा "भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिने" व्यवस्था रहेको व्यहोरा सबैलाई विदितै रहेको छ।

तसर्थ, सम्पूर्ण निजामती कर्मचारीहरूले प्रचलित कानूनमा व्यवस्था भए बमोजिम अनुशासन तथा आचरण सम्बन्धी व्यवस्थाको पूर्ण पालना गरी कुनै पनि राजनीतिक गतिविधिमा संलग्न नहुन तथा निजामती सेवाको तटस्थता, निष्पक्षता र विश्वसनीयता कायम राख्न यो सूचना प्रकाशित गरिएको छ।

निजामती कर्मचारी कुनै राजनीतिक दल, राजनीतिक दलको भातृ सङ्गठन, राजनीतिक दलको जनवर्गीय सङ्गठन वा राजनीतिक दलसँग आबद्ध भई सङ्गठनको सदस्यता लिएको वा, राजनीतिक क्रियाकलापमा संलग्न भएमा वा राजनीतिक पदका लागि हुने निर्वाचनमा उम्मेदवार बनेमा कानुन बमोजिम कारबाही हुने ब्यहोरा समेत यसै सूचना मार्फत सम्बद्ध सबैमा जानकारी गराईन्छ।

२०८३/०१/३०

(विवेक विडारी)

शाखा अधिकृत